नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीति सार्वजनिक

गभर्नर डा. युवराज खतिवडाले आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीति बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा आज आयोजित एक समारोहका बीच सार्वजनिक गर्नुभयो ।




आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिले मूल्य वृद्धिलाई लक्षित सीमा भित्र राख्ने, वाह्य क्षेत्र तथा वित्तीय क्षेत्र स्थायित्व कायम राख्ने, लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सघाउ पुऱ्याउने र वित्तीय पहुँच अभिवृद्धि गर्ने उद्देश्य लिएको छ ।

समारोहमा गभर्नर डा. खतिवडाले आर्थिक वर्ष २०७०/७१ मा वार्षिक औसत मूल्य वृद्धिदर ८ प्रतिशतमा कायम राख्ने, कम्तिमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने विदेशी विनिमय सञ्चिति कायम गरी ५.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुऱ्याउन आवश्यक कर्जाको व्यवस्था गर्ने, निजी क्षेत्रतर्फ जाने कर्जा १८.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण सहित विस्तृत मुद्रा प्रदायको वृद्धिदरलाई १६.० प्रतिशतको हाराहारीमा कायम राखिने, बैंकदरलाई ८.० प्रतिशतमै कायम गरिने लक्ष्य लिइएको बताउनु भयो ।

मौद्रिक नीतिको उपकरणका रूपमा रहेको बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात एक प्रतिशत बिन्दुले कटौती गरी 'क' वर्गको लागि ५.० प्रतिशत, 'ख' वर्गको लागि ४.५ प्रतिशत र 'ग' वर्गको लागि ४.० प्रतिशत कायम गरिने, वैधानिक तरलता अनुपात "क" वर्गका लागि १२ प्रतिशत, "ख" वर्गका लागि ९ प्रतिशत र "ग" वर्गका लागि ८ प्रतिशत कायम गरिने, खुलाबजार कारोबार अन्तर्गत रिपो तथा रिभर्स रिपो बोलकबोलको अधिकतम अवधिलाई २८ दिनबाट घटाई २१ दिन कायम गरिने, स्थायी तरलता सुविधा बैंकदरमा उपलब्ध गराउने व्यवस्थालाई भने निरन्तरता दिने गभर्नर डा. खतिवडाले बताउनु भयो ।

उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको लागि पुनरकर्जा दरलाई ६ प्रतिशतबाट घटाई ५ प्रतिशतमा झार्ने, तोकिएका रूग्ण, घरेलु तथा साना उद्योग, निर्यातमूलक व्यवसाय, महिलाद्वारा सञ्चालित व्यवसाय र वैदेशिक रोजगारीका लागि तोकिएका वर्ग एवम् तोकिएका समुदायद्वारा सञ्चालित साना व्यवसायमा प्रदान गरिने विशेष पुनरकर्जादरलाई १.५ प्रतिशतबाट घटाएर १ प्रतिशत कायम गरिने तथा २०७२ असारसम्ममा कृषि र उर्जा क्षेत्रमा कम्तिमा १२ प्रतिशत समेत उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको जानकारी गराउनु भयो । साथै, विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा अनुपातमा शून्य दशमलव पाँच प्रतिशत विन्दुले वृद्धि गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको पूँजी सुदृढ बनाउन “क”, “ख” र “ग” वर्गका संस्थाहरुको लागि तोकिएको न्यूनतम चुक्ता पूँजी २०७१ असार मसान्तभित्रमा अनिवार्य रुपमा पूरा गर्नुपर्ने र कर्जा तथा निक्षेप बीचको औसत ब्याजदर अन्तरलाई निश्चित समयभित्र ५ प्रतिशतभित्र ल्याउनु पर्ने व्यवस्था गरिनुका साथै वार्षिक रु. ५० करोडभन्दा बढीको कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरुको अनुगमनमा सहयोग पुऱ्याउन सहकारी विभागलाई यस बैंकबाट विशेषज्ञ सेवा उपलब्ध गराउने उहाँले बताउनु भयो ।

विपन्न वर्गमा जाने कर्जाको सीमा प्रति सदस्य अधिकतम् रु. १ लाखबाट ५ लाख पुऱ्याउने, यस अन्तर्गत परियोजना कर्जाको सीमा रु. ४ लाख पुऱ्याउने र महिला उद्यमीहरूले सञ्चालन गर्ने परियोजनामा रु. ५ लाखसम्मको कर्जा विपन्न वर्ग कर्जा अन्तर्गत गणना गर्न पाउने कुरा उहाँले बताउनु भयो ।

यस बैंकबाट वित्तीय मध्यस्थताको कारोबार गर्न अनुमति प्राप्त गरेका गैर-सरकारी संस्थाहरुलाई आवश्यक प्रक्रिया पूरा गरी २०७२ असार मसान्तसम्ममा “घ” वर्गको लघुवित्त संस्थामा परिणत भइसक्नु पर्ने व्यवस्था गरिने, ग्रामीण स्वावलम्बन कोषको सेवाको पहुँच र कार्यक्षेत्र विस्तार गरिने, शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई स्वरोजगारमूलक व्यवसाय संचालन गर्न सो कोषबाट कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने, वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरुलाई श्रव्य, दृश्य तथा छापा माध्यमहरुबाट प्रशारण गरिनुका साथै “विद्यार्थीसँग नेपाल राष्ट्र बैंक” लगायतका कार्यक्रमहरु संचालन गरिने स्पष्ट पार्नु भयो ।



नेपालमा दर्ता भएका औद्योगिक तथा व्यापारिक संस्था वा कम्पनीहरुले अमेरिकी डलर १० हजारसम्मको आवश्यक सेवाहरु प्रतितपत्र मार्फत परिवर्त्य विदेशी मुद्रामा खरिद गर्नसक्ने व्यवस्था गरिने, विप्रेषण कारोबार गर्न तोकिएका कम्पनीहरुले Prepaid Remittance Card जारी गर्नसक्ने व्यवस्था मिलाइने, विदेशी मुद्रामा आय-आर्जन गर्ने स्वदेशी तथा विदेशी व्यक्ति, फर्म, कम्पनी एवम् नेपाली नागरिकहरुले आफ्नो विदेशी मुद्रा खाताबाट वार्षिक अमेरिकी डलर १०,००० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा सटही गर्नसक्ने व्यवस्था मिलाइने जानकारी गराउनु भयो ।

समारोहमा सार्वजनिक गरिएको मौद्रिक नीतिका सम्बन्धमा सरोकारवाला पक्ष तथा सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफ गभर्नर डा. खतिवडाले दिनु भएको थियो ।

(मौद्रिक नीतिको विस्तृत विवरण बैंकको वेवसाइट www.nrb.org.np मा राखिएको छ ।)

**गभर्नरको कार्यालय**
मिति २०७० जेठ ६ गते, आइतबार